# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ ३० गते २०३२ साल

श्री ५ को सरकार

### रक्षा मन्त्रालयको

### सूचना

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था (आठौं संशोधन)
साधारण नियमहरू, २०३२

शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था साधारण नियमहरू, २०२० (यसपछि "मूल नियमहरू" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा ११ र १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही सैनिक नियुक्ति, प्रमोशन र अरू विविध व्यवस्था (आठौं संशोधन) साधारण नियमहरू, २०३२" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमहरूको नियम ३ मा संशोधनः– मूल नियमहरूको नियम ३ को खण्ड (क) र (ग) को सट्टा देहायको खण्ड (क) र (ग) राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) उमेरः– छनौट हुने वर्षको वैशाख १ गते १७ वर्ष पूरा भएको र २१ वर्ष ननाघेको हुनुपर्छ ।

तर स्नातकोपाधी हासिल गरेको व्यक्तिहरूका हकमा त्यसरी २४ वर्ष ननाघेको सम्मलाई लिन सकिनेछ ।

(ग) न्यूनतम शैक्षिक योग्यताः– गणित लिई सिनियर क्याम्ब्रिज उतीर्ण भएको वा एस. एल. सी. वा सो सरहको परीक्षामा गणित लिई आई. ए. वा सो सरह परीक्षा उतीर्ण भएको हुनुपर्छ ।

तरः– (१) देहरादून इण्डियन मिलिटरी एकेडेमी (आई. एम. ए) कोर्षको लागि सिनियर क्याम्ब्रिज वा एस. एल. सी. वा सो सरहको परीक्षामा गणित लिई उतीर्ण भएको र स्नातकोपाधी प्राप्त गरेको हुनुपर्छ ।

(२) श्री ५ को सरकारले उपयुक्त सम्झेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी छनौट हुने कुनै वर्षको लागि अस्थायी रूपमा उपरोक्त न्यूनतम योग्यता घटाउन सक्नेछ ।

आज्ञाले–
फणीन्द्रराज हमाल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५०